का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० पुस २०७९,
बुधबार
4 January 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जनतालाई झनै सास्ती

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पहिलो मन्त्रिपरिषद् बैठकबाटै सुशासन र सेवा प्रवाहलाई प्राथमिकतामा राख्ने निर्णय गरेका थिए । तर यसको बिपरीत सबैभन्दा धेरै झन्झटिलो मानिने राहदानी बितरणमै समस्या देखिएको छ, जनतामाथि थप सास्ती बढेको छ ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १९ पुस ।

प्रधानमन्त्रीको शपथ तथा पदभार ग्रहण लगत्तै पुष्पकमल दाहाल प्रचण्डले जनताले पाउने सास्तीबाट छुट्कारालाई प्राथमिकतामा राख्ने बताएका थिए । शपथ लिएकै दिन पहिलो मन्त्रिपरिषद् बैठकबाट पनि सुशासन र सेवा प्रवाहलाई ध्यान दिने निर्णय भएको थियो । प्रधानमन्त्री प्रचण्डले भनेका थिए, 'जनताले ठाउँठाउँमा पाइरहेका सास्ती र दु:खहरूलाई कम गराउनेबारे, जस्तो राहदानी सम्बन्धी विषयमा लामालामा लाइन र पीडा देखिएका छन् । त्यस विषयमा केन्द्रित भएर समयभित्रै नियन्त्रण गर्ने र प्रभावकारी ढंगले सेवा दिनेबारे सोच्नुस् ।'

तर प्रधानमन्त्री प्रचण्डको अभिव्यक्ति र सरकारको निर्णय बिपरीत जनताले सास्ती पाउनुपर्ने अवस्था सिर्जना भएको छ । जबकी गृहमन्त्री रवि लामिछानेले पनि राहदानी विभाग पुगेर अनुगमन गर्दै सेवा प्रवाहलाई सहज बनाउने सन्देश दिएका थिए । गृह मन्त्रालयले पनि राहदानी लिन सेवाग्राहीको भिडभाड बढेपछि समस्या बुझ्न र समाधान गर्न चार सदस्यीय विज्ञ टोली अनौपचारिक रूपमा खटाएको थियो । गृहले विज्ञको टोली समेत खटाएको थियो । तर केही दिनमै राहदानी वितरण अनिश्चितकालीन रोकिएको छ ।

राहदानी वितरणको समस्या नरोकिँदा जनताले थप सास्ती पाइरहेका छन् । गत पुस १७ गतेदेखि नै सिष्टममा समस्या आएको भन्दै विभागले राहदानी छपाइ र वितरण कार्य रोकेको विभागका प्रवक्ता दुरपदा सापकोटाले जानकारी दिइन् । 'विभागले सो समस्या समाधानका लागि निरन्तर कार्य गरिरहेको र सिष्टमले पूर्ण रूपमा सुचारू हुन केही समय लाग्ने भएकोले राहदानीका लागि आवेदन दिएकाहरूले आफ्नो मोबाइलमा एसएमएस आएपछि मात्रै विभाग आउन अनुरोध छ,' उनले भनिन् ।

राहदानी विभागका अनुसार, अहिले देशभरि अहिले ९४ वटा केन्द्रबाट राहदानी सेवा दिने गरिन्छ । तरपनि, संघीय राजधानीमा भने राहदानी लिनेको भीडमा कमी आएको छैन । त्रिपुरेश्वरस्थित विभागबाट राहदानी लिन बिहानै ६ बजेदेखि लाइनमा बस्दा समेत राहदानी नपाएको नागरिकको गुनासो छ । यद्यपि, राहादानी विभाग भने एकदमै जरुरी परेको खण्डमा दिनलाई द्रुत सेवाको अवधारणा ल्याएको दाबी गर्छ । नेपालमा हाल सामान्य, आधिकारिक,

– बाँकी पृष्ठ २ मा



प्रधानमन्त्रीको ३० बुँदे निर्देशन

# एक्सनमा उत्रिएको सन्देश

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १९ पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री नियुक्त भएको ९ दिन भयो । प्रधानमन्त्रीको शपथ खाए लगत्तै पहिलो निर्णयमार्फत सुशासन प्राथमिकतामा रहेको सन्देश प्रवाह गरेका प्रधानमन्त्री प्रचण्डले त्यसको निरन्तारता नै आफ्नो प्राथमिकता रहेको दोहोऱ्याएका छन् । बरु मंगलबार सचिवहरुलाई ३० बुँदे निर्देशन दिँदै प्रधानमन्त्री प्रचण्डले आफ्नो उपस्थितिको औचित्य देखाउन खोजेका छन् । निर्देशनका बुँदाहरुले प्रधानमन्त्री एक्सनमा उत्रिएको भाव झल्काउँछ ।

प्रधानमन्त्री प्रचण्डले मन्त्रालयका सचिवहरुलाई जनसरोकार र सार्वजनिक सेवालाई चुस्तदुरुस्त बनाउनेलगायत विभिन्न विषयमा ३० बुँदे निर्देशन दिएका हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार बोलाएर मन्त्रालयका सचिवहरुलाई प्रधानमन्त्री प्रचण्डले सुशासन, सेवाप्रवाह तथा जनजीविकासँग जोडिएका विषयमा प्रभावकारी भएर काम गर्न निर्देशन दिएका हुन् ।

सोमबार सबै मन्त्रालय तथा मंगलबार राष्ट्रपति तथा उपराष्ट्रपति कार्यालय एवं विभिन्न संवैधानिक आयोग र निकायका सचिवहरुले प्रगति विवरण, समस्या तथा चुनौती प्रस्तुत गरेका थिए । सचिवहरुबाट कार्यप्रगति प्रस्तुतिपछि

> प्रधानमन्त्री नियुक्त भएको ९ दिनपछि सचिवहरुलाई ३० बुँदे निर्देशन दिँदै प्रधानमन्त्री प्रचण्डले आफ्नो उपस्थितिको औचित्य देखाउन खोजेका छन् । निर्देशनका बुँदाहरुले प्रधानमन्त्री एक्सनमा उत्रिएको भाव झल्काउँछ ।

– बाँकी पृष्ठ २ मा

## विदेशीसँगको भेटमा कडाई

प्रधानमन्त्री प्रचण्डले कर्मचारीहरुलाई गोष्ठीमा जान र विदेशीसँग भेट्नमा कडाई गर्ने भएका छन् । परराष्ट्र मन्त्रालयको जानकारी बेगर कुनै पनि विदेशी र कूटनीतिक नियोगका पदाधिकारीहरुसँग भेटघाट नगर्न सरकारी अधिकारीहरुलाई उनको निर्देशन छ । भेटघाटसँग सम्बन्धित कूटनीतिक आचारसंहिता समेत बनाउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'नेपालका सरकारी पदाधिकारीहरुले परराष्ट्र मन्त्रालयको जानकारीमा मात्र विदेशी कूटनीतिक भेटघाट गर्ने र परराष्ट्र मन्त्रालयले यस सम्बन्धि आचारसंहिता तयार गर्नुहोला ।' उनले मित्रराष्ट्रहरुसँग असंलग्नताको सिद्धान्तमा केन्द्रित रहेर आर्थिक कूटनीति अबलम्बन गर्ने निर्देशन दिए ।

'सरकारले छिमेकी लगायत सबै मित्रराष्ट्रहरुसँग असंलग्नताको सिद्धान्तमा रहेर सन्तुलित र सुमधुर सम्बन्ध राख्ने छ । हाम्रो सम्बन्ध सबैसँग मित्रता कसैसँग छैन शत्रुता नै हो । यही नीति अनुसरण र अवलम्वन गर्दै आर्थिक कूटनीति र अन्तराष्ट्रिय समुदायको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# कामदारको बीमा गरेर कम्पनीहरुले गरे डेढ अर्ब आर्जन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस

बीमा कम्पनीहरुले वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई एक अर्ब बढीको बीमालेख बिक्री गरेका छन् । हाल दश वटा जीवन बीमा कम्पनीले वैदेशिक रोजगारीमा जाने कामदारको म्यादी बीमा गरिरहेका छन् । वैदेशिक रोजगारीको म्यादी जीवन बीमा गर्ने कम्पनीहरुले मंसिरमा मात्रै ६५ हजार ८ सय १५ वटा वैदेशिक रोजगार बीमालेखबाट २७ करोड ५७ लाख रुपैयाँ बीमा शुल्क आर्जन गरेका छन् ।

यस वर्षको मंसिरसम्म जीवन बीमा कम्पनीहरुले १२ लाख ४९ हजार ७ सय ६२ वटा वैदेशिक रोजगार बीमालेखबाट १ अर्ब ४३ करोड ९४ लाख रुपैयाँ बीमा शुल्क लिएका छन् ।

यस अवधिमा सन नेपाल लाइफ कम्पनी लिमिटेडले ६ लाख ६३ हजार ८२१ वटा वैदेशिक रोजगार बीमालेखबाट ६१ करोड ६५ लाख ४४ हजार रुपैयाँ बीमा शुल्क उठाएको छ । बीमा प्राधिकरणका अनुसार दोस्रो स्थानमा रहेको सूर्या लाइफ कम्पनी लिमिटेडले १८ करोड ४२ लाख, आइएमई लाइफ कम्पनी लिमिटेडले १३ करोड १२ लाख र ज्योति लाइफ कम्पनी लिमिटेडले १२ करोड ९८ लाख रुपैयाँ बीमा शुल्क आर्जन गरेका छन् ।

यस अवधिमा सानिमा लाइफ कम्पनी लिमिटेडले १२ करोड ५० लाख, सिटिजन लाइफ कम्पनी लिमिटेडले १० करोड ३१ लाख, नेपाल लाइफ कम्पनी लिमिटेडले ५ करोड ९७ लाख, रिलायवल नेपाल लाइफ कम्पनी लिमिटेडले ५ करोड ७४ लाख, नेशनल लाइफ कम्पनी लिमिटेडले १ करोड ७२ लाख र प्रभु लाइफले ८७ लाख ९६ हजार रुपैयाँ बीमा शुल्क आर्जन गरेका छन् । रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले २ हजार २२ वटा बीमा लेखबाट ६१ लाख ८९ हजार रुपैयाँ आर्जन गरेको हो ।

वैदेशिक रोजगारीमा पहिलोपटक जाने तथा पुन: श्रम स्वीकृति लिँदा वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार नियमावलीअनुसार अनिवार्य म्यादी अर्थात् श्रम अवधि अनुसारको बीमा गर्नुपर्ने व्यवस्था छ ।

म्यादी जीवन बीमाबाट रोजगारका लागि गएका नेपाली कामदारको स्वास्थ्य उपचार खर्च, शारीरिक क्षतिको उपचार खर्च, मृत्यु भएको खण्डमा किरिया खर्चका साथै मृत्यु भएमा आश्रित परिवारले दश लाख क्षतिपूर्ति सुविधा पाउने व्यवस्था छ ।

वैदेशिक रोजगारका लागि विदेशबाट श्रम स्वीकृति लिँदा म्यादी बीमा शुल्क अनलाइनमार्फत तिर्न मिल्ने सुविधाको शुरुवात भएसँगै विदेशमा रहेका श्रमिकले पनि स्वयं श्रम स्वीकृति नवीकरणका लागि बीमा गरेर निवेदन दिन मिल्ने भएको छ । अनलाइन बीमाको व्यवस्था भएका कारणले म्यादी बीमा गर्नेको संख्या बढेको आंकलन गरिएको छ ।

## मञ्चमा ह्वात्तै बढे उम्मेदवारका आकांक्षी

**काठमाडौं / मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी माघ ६ गते हुने निर्वाचनको लागि नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा अध्यक्षका आकांक्षी बढेका छन् । मञ्चको तर्फबाट अध्यक्ष राजेन्द्र भण्डारी, पूर्व अध्यक्ष नरेश गेलाल र पूर्व उपाध्यक्ष मुक्तिनाथ अधिकारी र पूर्वसचिव सुवर्ण श्रेष्ठले आकांक्षा देखाएको बताइएको छ ।

प्रथम उपाध्यक्षमा चैतन्य तुम्बाहाम्फे, शुक्र पाखिन, मञ्चका महासचिव जनक रावल, पूर्व महासचिवमा डिक बहादुर खत्री (कुमार) र गोविन्द कटुबालले चाहना राखेका छन् । खत्रीले प्रथम वा महासचिवमा मध्ये एकमा उठ्न चाहेको बताइएको छ ।

द्वितीय उपाध्यक्षमा राम कुमार राई, हरिष कुँवर, हरि ठाडामगर, दलवीर भण्डारी, सरिता घले, तृतीयमा राजेन्द्र अधिकारी, मिलन कट्टेल, सुशील केसी, मदन पौडेल,

– बाँकी पृष्ठ २ मा

# फेरि एकताको प्रयास

माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपाबीच फेरि एकताको प्रयास भएको छ । यसका लागि दलहरुले वार्ता समिति नै गठन गरेर एकता प्रयास अगाडि बढाएका छन् ।



वामपन्थीहरु बीचमा एकता गर्ने, सहकार्य गर्ने, मोर्चा बनाउने, वामपन्थी जनमतलाई एक ठाउँमा ल्याउने र उनीहरुको पक्षमा काम गर्ने पार्टीको निर्णय छ ।

**जगन्नाथ खतिवडा**
*प्रवक्ता*
*एकीकृत समाजवादी*

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १९ पुस ।

नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा)बीच फेरि एकताको प्रयास भएको छ । यसका लागि दलहरुले वार्ता समिति नै गठन गरेर प्रयास अगाडि बढाएका छन् ।

जसपाले राजनीतिक दल र संगठनहरुसँग एकता सम्बन्धमा वार्ता गर्नका लागि राजेन्द्र श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय वार्ता समिति गठन गरेको छ । दुई दिनदेखि जारी राजनीतिक समितिको बैठकले समिति गठन गरेको हो । समिति सदस्यहरुमा रकम चेमजोङ र गोविन्द चौधरी रहेका छन् । जसपाले माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीसँग एकताका लागि पहल थालेको छ ।



जसपाका अध्यक्ष उपेन्द्र यादवले माओवादी केन्द्र र नेकपा (एस) सँग एकताबारे अनौपचारिक छलफल गरिसकेका छन् । सरकारले पूर्णता पाउने बित्तिकै वार्तालाई अगाडि बढाउने नेताहरुको दाबी छ । चुनाव अगाडि पनि यी तीन दलबीच एकता वा समाजवादी

– बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# आयोगको निर्णयविरुद्ध सर्वोच्चमा रिट

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहले निर्वाचन खर्च विवरण नबुझाउने जनप्रतिनिधिलाई कारबाही गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन्। महानगर प्रमुख शाह सर्वोच्च अदालतमा आफै उपस्थित भएर उक्त रिट निवेदन दायर गरेका हुन्।



स्थानीय तहको निर्वाचनको खर्च विवरण नबुझाएको उल्लेख गर्दै आयोगले प्रमख शाहसहित अन्य उम्मेदवारलाई जरिवाना गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध शाहले मंगलबार रिट निवेदन दायर गरेका हुन्। रिट निवेदनमा कानूनले तोकेको अवधिभित्रै गत असार १२ गते निर्वाचन आयोगमा खर्च विवरण पेश गरेको र परिणाम घोषणा भएको मितिले ३० दिनभित्र खर्चको विवरण पेश गर्नुपर्नेमा ३०औँ दिनमा सार्वजनिक विदा परेकाले त्यसको भोलिपल्ट पेश गरेको उल्लेख छ ।

शाहले आफूले समयमै निर्वाचन खर्च विवरण बुझाउँदा पनि रु सात लाख ५० हजार जरिवाना तिर्न लगाउने, स्थानीय निर्वाचनमा भाग लिने देशभरका एक लाख २३ हजार उम्मेदवारलाई एकमुष्ट जरिवाना गर्ने, छ महिनाभित्र नबुझाए छ वर्षसम्म कुनै निर्वाचनमा भाग लिन नपाउने र निर्वाचित भए पदमुक्त हुने भनी आयोगको गरेको निर्णय बदर गर्न रिट निवेदनमा माग गरेका छन् ।

# कर्णाली प्रदेशका दुई जिल्लामा सहुलियत मूल्य पसल

**काठमाडौं/मस–** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कर्णाली प्रदेशका दुईवटा जिल्लामा नमूना कार्यक्रम (पाइलट प्रोजेक्ट) का रूपमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याएको छ ।



खाद्य व्यवस्था कम्पनीले यसअघि चाडबाड लक्षित गरी सहरी क्षेत्रमा मात्रै सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको तर अब सुर्खेत र दैलेखमा दुईवटा सहकारीमार्फत वर्षभरि नै सञ्चालन हुने गरी सहुलियत पसल सञ्चालनमा ल्याइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका नायब कार्यकारी अधिकृत श्रीमणिराज खनालले बताए ।

उनले भने, 'सुर्खेतको भेरीगङ्गा नगरपालिकामा वडा नम्बर ११ मा रहेको भेरी पशु कृषि सहकारी र दैलेखको नारायण नगरपालिका–६ मा रहेको शतप्रतिशत प्रगतिशील सहकारी संस्थाबाट पाइलट प्राजेक्टका रुपमा सहुलियत मूल्य पसल सञ्चालनमा आएका छन् । खाद्य व्यवस्था कम्पनीले बेच्दै आएका खाद्यान्न सामग्री यी सहकारीबाट वर्षभरि नै सहुलियत मूल्यमा उपलब्ध हुनेछन् । खाद्य व्यवस्था कम्पनीले चामल, गहुँ, दाल, आटालगायत खाद्य सामग्री बेच्दै आएको छ ।'

खाद्य व्यवस्था कम्पनीको प्रादेशिक कार्यालय सुर्खेतले पुस १ गते एक कार्यशाला आयोजना गर्दै नमूना कार्यक्रमका रुपमा ती दुई सहकारी संस्थालाई सहुलियत मूल्य पसल सञ्चालन गर्न दिने निर्णय गरेको थियो । छनोट भएका सहकारी संस्थाले सहुलियत मूल्य पसल सञ्चालन गरेबापत निश्चित प्रतिशत कमिसन पाउनेछन् । सहकारी संस्थाले रु ५० हजारभन्दा कम मूल्यको सामान खरिद गरेमा पाँच प्रतिशत र रु ५० हजारभन्दा बढीको सामान खरिद गरेमा छ प्रतिशत कमिसन खाद्य व्यवस्था कम्पनीबाट पाउने सहमति भएको खनालले जानकारी दिए ।

यसअघि राष्ट्रिय योजना आयोगले एक पालिका एक सहुलियत खाद्यान्न पसल खोल्न सरकारलाई सिफारिस गरेको थियो । 'आपूर्ति नीति २०६९ को पुनरावलोकन अध्ययन प्रतिवेदन २०७९' मार्फत योजना आयोगले नागरिकको खाद्य सुरक्षासम्बन्धी मौलिक हक कार्यान्वयनका लागि एक सहुलियत एक खाद्यान्न पसल आवश्यक भएको निष्कर्ष निकालेको थियो ।

एक दशकअघिबाट कार्यान्वयनमा ल्याइएको राष्ट्रिय आपूर्ति नीतिका अधिकांश व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयनमा आउन नसकेकाले त्यसलाई पुनरावलोकन गर्नु आवश्यक रहेको प्रतिवेदनमा जनाइएको छ । विद्यमान आपूर्ति नीतिमा खाद्य सुरक्षाका लागि सरकारले कम्तीमा २५ हजार मेट्रिक टन खाद्यान्नको मौज्दात राख्नुपर्ने लक्ष्य भएपनि त्यो पूरा हुन नसकेको तथा सहुलियत पसलको सङ्ख्या बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ । 'खाद्य सञ्चितिमा नेपाल सरकारको सार्वजनिक संस्थान र प्रदेश सरकारसँग समन्वय गरी प्रदेशगतरुपमा खाद्य भण्डारण गर्ने र यस कार्यमा प्रदेशलाई बढी जिम्मेवार बनाउनुपर्ने देखिन्छ । खाद्य सुरक्षासम्बन्धी मौलिक हक कार्यान्वयनका लागि एक सहुलियत एक खाद्यान्न पसल आवस्यक छ', आपूर्ति नीतिको पुनरावलोकन अध्ययन प्रतिवेदनमा भनिएको छ।

# सेवाग्राहीलाई प्रभावमा पार्ने ७ जना पक्राउ



**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा रहेका यातायात कार्यालयहरूमा सेवाग्राहीलाई अनुचित प्रभावमा पार्ने सात जना पक्राउ परेका छन्। यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुर, ठूलोभऱ्याङ र चाबहिलबाट पाँच जनालाई र फर्जि स्वास्थ्य परीक्षण रिर्पोट बनाउने कार्यमा संलग्न दुई जनालाई यातायात व्यवस्था कार्यालय, चाबहिलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

मंगलबार काठमाडौं उपत्यका प्रहरी कार्यालय र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले उनीहरुले नियन्त्रणमा लिएको हो। उनीहरूले यातायात कार्यालयहरुमा सेवाग्राहीहरूलाई सहजीकरण गरिदिन्छौं, छिटो छरितो रूपमा काम गरिदिन्छौं, नपुगेका कागजातहरू पुऱ्याइदिन्छौं भनेर विभिन्न प्रलोभनमा पार्दै हैरानी दिने गरेका थिए।

# उपरथी शाही सैनिक प्रहरीको नियन्त्रणमा

**काठमाडौं/मस–** नेपाली सेनाका उपरथी प्रेम शाहीलाई सैनिक प्रहरीले नियन्त्रणमा लिएको छ। सैनिक मुख्यालय जंगी अड्डाले मंगलबार उपरथी शाहीलाई संगठन विपरीत गतिविधि गरेको आरोपमा नियन्त्रणमा लिएर सैनिक प्रहरीको हिरासतमा राखेको छ । उपरथी शाहीलाई आर्थिक अनियमितता गरेको आरोपमा नियन्त्रणमा लिएको सैनिक प्रवक्ता सहायक रथी कृष्ण भण्डारीले जानकारी दिए।

उमेर हदका कारण शाही बुधबार (पुस २०) बाट नियमित अवकासमा जाँदै थिए । शाहीले सेनाबाट अवकासको पत्र पनि बुझिसकेका थिए । तर शाहीले आफ्नो पदावधि एक वर्ष बाँकी रहेको दाबी गर्दै नेपाली सेनाको जंगीअड्डा र रक्षा मन्त्रालयविरुद्ध पुस ७ गते सर्वोच्च अदालतमा रिट दायर गरेका गरेका थिए। उनको पक्षमा अदालतले आदेश दिएसँगै उनी हाजिर हुन जंगीअड्डा पुगेका थिए।



सोही बेला सैनिक प्रहरीको टोलीले शाहीलाई नियन्त्रणमा लिएको हो।

यसैबीच सैनिक मुख्यालय जङ्गी अड्डाले शाहीलाई केही समय ब्यारेकमै बस्न निर्देशन दिएको छ । उनीमाथि आर्थिक अनुशासनको प्रश्न उठेपछि छानबिन र अनुसन्धानका लागि सैनिक मुख्यालयले ब्यारेकमै रहन निर्देशन दिएको सैनिक प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताए । विभिन्न जिम्मेवारीमा रहँदा उपरथी शाहीबाट आर्थिक अनियमिता भएको भन्ने उजुरीका आधारमा जङ्गी अड्डाले छानबिन गरिरहेको छ।

प्रवक्ता भण्डारीले भने, 'विगतदेखि नै आर्थिक अनियमितासँग जोडिएर प्रश्न उठेपछि निष्कर्षमा पुऱ्याउन पर्ने भएकाले उहाँलाई केही समय ब्यारेकमै बस्न निर्देशन भएको हो।' उपरथी शाहीको सेवा अवधिसम्बन्धी अदालतको निर्णय र छानबिनसँग कुनै सम्बन्ध नरहेको पनि सेनाले स्पष्ट पारेको छ।

## जनतालाई ...

कूटनीतिक र यात्रा गरेर चार प्रकारका राहदानी प्रचलनमा छन्। राहदानी विभागका अनुसार, नेपालमा १९६० सालसम्मको राहदानी रहेको छ । त्यसबेला नेपालमै एउटा जिल्लाबाट अर्को जिल्ला आउजाउ गर्न पनि नेपाली कागजमा हस्तलिखित पास आवश्यक पर्थ्यो । पछि त्यसैलाई राहदानीको रुपमा नामाकरण गरियो । २०६७ पुस ६ गतेदेखि नेपालमा मेसिन रिडिएबल पासपोर्ट (एमआरपी) लागू भयो । तर, पछिल्ला दिनमा राहदानी वितरण चुस्त बनाउन नसक्दा जनताले झनै सास्ती ब्यहोर्नु परेको छ।

## प्रधानमन्त्रीको...

निर्देशनात्मक सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले निजामती प्रशासन र सरकारी संयन्त्रबाट विगतको कार्यकाल झैँ यसपटक पनि पूर्ण सहयोग पाउने बताए। उनले ठूला नीतिगत र दीर्घकालीन विषयभन्दा पनि नागरिकका दैनिक आवश्यकताका सार्वजनिक सेवा प्रवाहका विषय तथा विकास निर्माण र आयोजना सञ्चालनका विषयमा सम्बोधन केन्द्रित गरेका थिए।

प्रधानमन्त्री प्रचण्डले मुख्यरुपमा आम जनताले सेवा प्रवाहमा भोग्नुपरेको सास्तीका विषयमा चासो राख्दै ती विषय तत्काल सम्बोधन हुनुपर्नेमा जोड दिए । संघीयताको अभ्याससँगै घरदैलोमा नै सेवा पुग्ने जनअपेक्षा पूरा हुन नसकेको बताउँदै उनले जनताले आश गरेअनुरुप विगत पाँच वर्षमा कार्यसम्पादन सन्तोषजनक नभएको उल्लेख गरे।

'अहिले तपाईं हामी यो बैठक गरिरहँदा राहदानी लिन बिहान दुई बजेदेखि लाइनमा बसेको समाचार प्रकाशित भएको छ । राष्ट्रिय परिचयपत्र लिने सास्ती उत्तिकै छ। त्यो परिचयपत्र किन आवश्यक भएको हो भन्ने प्रश्नको चित्तबुझ्दो उत्तर हामीसँग छैन,' प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'अहिलेकै गतिमा राष्ट्रिय परिचयपत्रको काम हुने हो भने तीन करोड नेपालीको हातमा परिचयपत्र पुग्न दशकौं लाग्छ। सवारी चालक अनुमति पत्र लिन पनि वर्षौं कुर्नुपर्ने अवस्था छ। यसतर्फ तत्काल ध्यान दिनुहोस्।'

सम्बोधनका क्रममा प्रधानमन्त्री प्रचण्डले शिक्षा, स्वास्थ्य, यातायात जस्ता आधार भूत सेवा, राहदानी, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत कर दस्तुर बुझाउने जस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्न निर्देशन दिए।

प्रधानमन्त्री प्रचण्डले सेवा प्रवाहलाई सुलभ र सरल बनाउने तथा विकास निर्माणका कामलाई तीव्रता दिने काममा समस्या नीतिगत हो वा संस्थागत हो अथवा समस्या कार्यान्वयनमा हो पहिचान गर्न भनेका छन्। 'समस्या प्रवृत्तिमा हो वा व्यवस्थापनमा हो हामीले खुट्याउनैपर्छ । अब सेवा प्रवाहलाई सहज बनाउन र विकासको गतिलाई तीब्र बनाउन नयाँ कानुन बनाउने वा कार्यकारी आदेश वा कानुन संशोधन के गर्नुपर्ने हो अथवा प्रकृयामा सुधार हो वा प्रवृत्तिमा तथ्यहरूमा टेकेर सुधारका लागि तत्काल काम थाल्नुहोस्' प्रचण्डले भनेका छन्।

नीतिगत समस्या समाधानको जिम्मा आफूले लिने प्रचण्डले भनेका छन् । 'तर नतिजामुखी कार्यसम्पादन भने तपाईंहरूले गर्नुपर्नेछ । अब कार्यतालिका बनाएर कार्य सम्पादन सूचकसहित नतिजामुखी कार्यमा जुट्नुहोस् । काम भएन भने कोही न कोही त जिम्मेवार बन्नैपर्छ' प्रधानमन्त्री प्रचण्डले भनेका छन्।

## विदेशीसँगको...

सहयोगमा द्विपक्षीय र बहुपक्षीय विकास सहायता परिचालन गर्नुहोस्' प्रधानमन्त्री प्रचण्डले भने।

साथसाथै, प्रधानमन्त्री प्रचण्डले कार्यलय समयमा काम छोडेर अनावश्यक सभा सम्मेलन, गोष्ठी, सेमिनार, प्रशिक्षण दिने, जस्ता कार्यमा नजान पनि निर्देशन दिएका छन्।

'सहभागी नभई नहुने मन्त्रालयको प्राथमिकताको कार्यक्रममा मन्त्रालयको सम्वन्धित विषयको एक जनामात्र सहभागी हुने, मन्त्रालयको आधिकारिक धारणा लिएर जाने र फर्केपछि प्रतिवेदन लिने/दिने व्यवस्था मिलाउनुहोस्' प्रधानमन्त्री प्रचण्डले सचिवहरुलाई भनेका छन्।

## फेरि...

मोर्चा बनाउने तयारी भएको थियो । चुनाव अगाडि रोकिएको प्रयास फेरि अगाडि बढेको हो। जसपाले एकताका लागि बार्ता समिति गठन गरिरहँदा एकीकृत समाजवादीले वामपन्थी धारमा रहेका सबै दलहरुलाई एकता गर्ने जिम्मेवारी केन्द्रीय सचिवालयलाई दिने निर्णय गरेको छ। पोलिटब्युरोको दुई दिन चलेको बैठकले एकता, सहकार्य, मोर्चा बनउने र वामपन्थी जनमतलाई एकै ठाउँमा ल्याउन आवश्यक गृहकार्य गर्ने जिम्मेवारी सचिवालयलाई दिएको हो।

'हाम्रो पार्टी वामपन्थीहरुबीचमा एकता गर्ने, सहकार्य गर्ने, मोर्चा बनाउने, वामपन्थी जनमतलाई एक ठाउँमा ल्याउने र उनीहरुको पक्षमा काम गर्ने हिजो पनि गऱ्यौं र भोलि पनि गर्ने छौं,' पार्टी प्रवक्ता जगन्नाथ खतिवडाले भने । उनी थप्छन्, 'केन्द्रीय सचिवालयलाई पार्टी एकता लगायतका विषयमा गृहकार्य गर्नका लागि अनुमति प्रदान गरेको छ । यस कामलाई केन्द्रीय सचिवालयले समन्वय गर्दैछ।'

## मञ्चमा...

देउमान नेम्वाङ, सचिवमा सोम लामा, सञ्जु गुरूङ, डण्डपाणि भट्टराई (दिलिप), सुर्य डाँगी, रोशन कटुवाल, कोषाध्यक्षमा तेजमाया लिम्बू र धनमाया सिञ्जालीले चाहना राखेको बताइएको छ।

यस्तै, सदस्य शिवहरि मैनाली (शित्तल), विनोद खनाल, दिपक आचार्य, रोहन पौडेल (जनक), सुकबहादुर गुरूङ, राजेन्द्र कुमार पराजुली, उमेश महतो, आङछिरिङ शेर्पा, हरि डाँगी, अनिल राई, आनन्द कुमार कोईराला, राजेन्द्र बस्नेत, ध्रुव रिजाल, अमृत विश्वकर्मा, विश्व मोहन प्रसाद आचार्य र तिर्थ राज काफ्लेलगायत आकांक्षी देखिएका छन् । तर निर्णय भने एक दुई दिनमा हुने बताइएको छ । पुस ५ अघिसम्म खासै रौनक नभएपनि संघीय सरकार गठनमा देखिएको नाटकीय परिवर्तनपछि मञ्चको आन्तरिक राजनीतिमा त्यसले उत्प्रेरित गरेको कारण संघमा मञ्चका तर्फबाट उम्मेदवार बन्न प्रतिस्पर्धा कसिलो बन्न थालेको बताइन्छ । गठबन्धनका माध्यमबाट संघमा उम्मेदवारी दिनुपर्ने बाध्यताले धेरैले इच्छ्याएको पदमा उम्मेदवारी दिन नसक्ने बताइएको छ।

# नेपाल–चीन चित्रकला प्रदर्शनी

**काठमाडौं/मस–** नेपाल र चीनसँग सम्बन्धित रहेर विगत १० वर्षमा खिचिएका फोटो, पेन्टिङ, थाङ्का, क्यालिग्राफी (अक्षर लेख्ने तरिका) प्रदर्शनी गरिएको छ । बबरमहलस्थित नेपाल कला परिषद्मा मंगलबार आयोजना गरिएको प्रदर्शनीमा नेपाल र चीनको कला संस्कृतिसँग सम्बन्धित विभिन्न फोटो, थाङ्का, तैलचित्र, क्यालिग्राफी प्रर्दशनी गरिएको छ।

त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटको आयोजना तथा साउथ एसिया नेटवर्क टिभी, सहयोगी नेपाल ओभरसिज चिनियाँ संघ, नेपाली चिनियाँ उद्यम संघको सहआयोजनामा प्रदर्शनी गरिएको हो। प्रदर्शनीको उद्घाटन समारोहमा त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका नेपाली पक्षका निर्देशक प्रा. बालमुकुन्द रेग्मी, प्राध्यापक शिवलाल भुसाल, कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ निर्देशक छिन लुगाओ, नेपाल ओभरसिज चिनियाँ संघका अध्यक्ष जिन छिनदोङ, नेपाली चिनियाँ उद्यम संघका महासचिव झु क्विङलगायतले यस्ता कार्यक्रमले द्विपक्षीय सांस्कृतिक आदानप्रदान र एक आपसमा सद्भाव निर्माण तथा थप सुदृढ गर्न टेवा पुग्ने धारणा व्यक्त गरे।

हुम्लामा फुटबल मोह

# चिसोको प्रवाह नगरी विद्यार्थीहरु मैदानमा



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १९ पुस

हिमाली जिल्ला हुम्लामा फुटबलप्रति मोह बढ्दै गएको छ । यहाँका बालबालिका माइनस ८ डिग्री चिसोमा पनि फुटबल प्रशिक्षण लिइरहेका छन्। यतिबेला चिसोका कारण हुम्लका विद्यालय बन्द रहेका छन्। विद्यालय बन्द भएपछि विद्यार्थीहरुको खेलप्रतिको रुची बढ्दै गएकाले पुस महिनाको जाडोमा पनि बिहानैबाट फुटबलको प्रशिक्षण गराइरहेको प्रशिक्षक विष्णु रावतले बताए।

हुम्लामा यतिबेला बिहान र बेलुकाको समयमा मौसम माइनस ८ देखि माइनस ९ डिग्री सेल्सियस हुने गरेको छ भने दिउँसोको समयमा घाम लाग्दा न्यानो हुने गरेको छ । हुम्ला जिल्लाका ७ वटा गाउँपालिकामध्ये ६ वटा गाउँपालिकाका बस्तीमा अहिलेसम्म हिमपात भएको छैन । नाम्खा गाउँपालिकामा अजोजदेखि पुससम्म ५ पटक हिमपात भएको थियो।

विद्यायलय बन्द हुँदा फुर्सदको समयको सदुउपयोग गर्दै बालबालिका फुटवल खेल्नका लागि चिसोको वास्ता नगरी एकाबिहानै मैदानमा पुग्ने गरेको प्रशिक्षक रावतले बताए। प्रशिक्षक रावत विद्यार्थीहरुको फुटबलप्रतिको यस किसिमको मोहले हुम्लाको खेल जगतको विकास हुने बताउँछन् । उनले आफ्ना पालामा फुटबल सिकाउने प्रशिक्षकको अभाव हुँदा आफूहरुले सोचे जस्तो फुटबल खेल्न नपाएको गुनासो गरे।

**टेक भेन्चर प्रा.लि. (लिक्वीडेशन) हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७६।०२।१६ मा दर्ता भएको **प्रा.लि.न २१६३१६/०७५/०७६** को **टेक भेन्चर प्रा.लि.** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन,२०६३ को दफा १२६ वमोजिम मिति २०७९।०९।१९ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय मा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
**लिक्वीडेटर : रमेश हरि अधिकारी, ठेगाना : तिनकुने**
**इजाजत पत्र नं.५४७, मोवाइल नं. ९८२८७२५५७६**

**चिसोबाट बच्ने सम्बन्धमा नगरबासीहरुमा जारी गरिएको अत्यन्त जरूरी सूचना**

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौ ।
- कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका बृद्धबृद्धा गर्भवती महिला तथा दिर्घ रोगीहरूलाई चिसोबाट जोगाऔं ।
- आमाको दुध खाने बच्चाहरूलाई नियमितरूपमा स्तनपान गराऔं ।
- तातो पोषिलो तथा झोलिलो खाने कुराहरू प्रशस्त खाऔं ।
- स्वास्थ्य सम्बन्धि कुनै समस्या आई परेमा ज्वरो आएमा, झडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा सास फेर्न कठीनाई भएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौ ।
- सुत्ने कोठामा आगो मकल कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुंदैन जसले गर्दा श्वास फेर्न नसकी निसासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरूलाई एक्लै नछोडौं ।
- छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौ र यथाशक्य चांडो आवश्यक उपचारको लागि लैजाऔं ।

**मान बहादुर खड्का** – प्रमुख प्रशासकीय अधिकृत
**सम्झना चौधरी** – नगर उप-प्रमुख
**धनपत यादव** – नगर प्रमुख

**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
नवलपरासी (ब.सु.प.), लुम्बिनि प्रदेश, नेपाल

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/२०**
**जंगल नेपाल रिसोर्ट प्रा.लि.** को मिति २०७९/०८/१५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बाटिका रिसोर्ट सौराहा प्रा.लि. (प्रा.लि.नं.: ८५५५)** कायम गर्ने गरी मिति २०७९/०७/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**टेक वान प्रा.लि.(लिक्वीडेश्न) हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०६९।११।०४ मा दर्ता भएको **प्रा.लि.न.१०९७८०/०६९/०७०** को **टेक वान प्रा. लि** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन,२०६३ को दफा १२६ वमोजिम मितिः २०७९।०९।१९ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय मा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
**लिक्वीडेटर : रमेश हरि अधिकारी, ठेगाना : तिनकुने**
**इजाजत पत्र नं.५४७, मोवाइल नं. ९८२८७२५५७६**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०९/२०**
**निम्स हर्वस एण्ड अर्गानिक प्रा.लि.** को मिति २०७९/०९/१४ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निम्स फुड्स प्रा.लि. (प्रा.लि.नं.: २५७०१६)** कायम गर्ने गरी मिति २०७९/०९/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**नाम परिवर्तन गरिएको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७९/०९/२०**
यस कम्पनीको रजिस्ट्रार कार्यालयको मिति २०७४/०७/१४ गतेको निर्णयानुसार साविक कम्पनी **एस.डि.एम.स्मार्ट मिडिया प्रा.लि.**(प्रा.लि.न.१७५९४१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदि परिवर्तित नामको **एस.एम.डि.स्मार्ट मिडिया प्रा.लि.(S.M.D.Smart Media Pvt.Ltd.)** ले सकार्ने ब्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।
**संचालक**

# अदालतको फैसलाले परिवारनै सडकमा

तेजबहादुर बन/मध्यान्ह
इटहरी, १९ पुस

जिल्ला अदालत सुनसरीकी महिला न्यायाधिश निर्मला योङ्याले आँखा चिम्लेर फैसला गरिदिँदा इटहरी उपमहानगरका एक निर्दोष व्यक्ति कारागार चलान भएका छन् ।

इटहरी उपमहानगर १९ निवासी लालबहादुर विश्वकर्मा यतिबेला सुनसरीको झुम्का कारागारमा कैदी जीवन बिताउन बाध्य बनेका छन् ।

दैनिक ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्दै आएका लालबहादुरको हकमा जिल्ला अदालत सुनसरीकी न्यायाधिश योङ्याले प्रमाण नहेरी हचुवाकै भरमा फैसला गरिदिँदा विना अपराध कारागार चलान भएका हुन् । योङ्याको इजलासले अवैध रूपमा बैंक तथा वित्तीय संस्था सञ्चालन गरी ठगी गरेको भन्दै लालबहादुरलाई ३ करोड १४ लाख ३३ हजार रुपैयाँ बिगो तोक्दै ठगी मुद्दामा ७० हजार जरिवाना र डेढ वर्ष कैदको सजाय तोकिदिएकी छिन् ।

२०७२ साल देखि तरहरास्थित दिपक गजमेरले सञ्चालन गर्दै आएको सिंह देवी ज्वेलर्शमा लालबहादुर कालिगढको रूपमा कार्यरत थिए । डबल ब्याज दिने प्रलोभन देखाउँदै गजमेरले सञ्चालन गरेको ज्वेलर्सले उपभोक्ताहरूबाट सहकारी सरह पासबुक दिएर लाखौँ रकम लिन थालेपछि सिआइबीको टोलीले अनुसन्धान शुरू गरेको थियो । उक्त पासबुकमा मालिक दिपक गजमेरले अह्र्याए अनुसार सामान्य सहि गरेकै भरमा लालबहादुर अहिले जेल सजाय भोग्न बाध्य बनेका हुन् ।



उजुरीकर्ताहरूले लालबहादुर निर्दोष रहेको र उनीसँग कुनै कारोबार नगरेको भनि अदालतमै बयान दिएपनि न्यायाधिश योङ्गया कसैको नसुनी एकतर्फी फैसला सुनाइदिँदा निर्दोष लालबहादुर अहिले कारागार चलान हुन पुगेका हुन् । न्यायाधिश योङ्गया अवैध रूपमा बैंक तथा वित्तीय संस्था सञ्चालन गरी ठगी गरेको भन्दै १८ करोड ८४ लाख ६६ हजार रुपैयाँ बिगो कायम गर्दै मुख्य साहु कृष्ण, उनका तीन छोराछोरीसहित लालबहादुरलाई पनि थुनामा राख्ने आदेश दियो ।

लालबहादुरलाई अवैध रूपमा बैंक तथा वित्तीय संस्था सञ्चालन गरेको कसुरमा ३ करोड १४ लाख ३३ हजार रुपैयाँ बिगो तोक्दै ठगी मुद्दामा ७० हजार जरिवाना र डेढ वर्ष कैदको सजाय तोकियो । बिहान बेलुका छाक टार्न पनि धौं धौं पर्ने लालबहादुरलाई अदालतको न्यायाधिशले गरेको एकल फैसलाले अहिले मर्नु न बाँच्नु बनाएको छ ।

उनको परिवार अहिले विक्षिप्त अवस्थामा पुगेको छ । न्याय पाइने अदालतबाटै आफ्नो परिवार पीडामा परेको उनकी श्रीमती दिलु गहतराजले बताइन् । उनले आफ्नो श्रीमान निर्दोष रहेकोले फैसलाको पुनरावेदन हुनुपर्ने बताइन् । अदालतको फैसलाविरूद्ध लालबहादुरले पुनरावेदनको माग गर्दै गत मंसिर २० गते उच्च अदालतमा निवेदन दिएका छन् । उनको पेशी पुस ३ गते रहेपनि विविध कारणवश यहि २६ गते सरेको छ । लालबहादुरलाई न्याय दिलाउन सिंगो तरहरावासी लागि परेका छन् । अहिले सामाजिक सञ्जालभरी लालबहादुरलाई न्याय प्रदान गर्नका लागि अभियाननै चलाइएको छ ।

### के भन्छन् जाहेरीवाला ?

अदालतले निर्दोष व्यक्ति लालबहादुरलाई करोडौं रकमसहित डेढ वर्षको सजाय सुनाएपछि जाहेरी दिनेहरू नै तीन छक्क परेका छन् । इटहरी उपमहानगरपालिका २० की कञ्चन चौधरीले पैसाको कारोबार सुन पसलका सञ्चालक दिपक गजमेरसँग गरेको, लालबहादुर सोहि पसलका सामान्य कामदार मात्रै रहेकोले घटनासँग कुनै लेनदेन नरहेको उनले अदालतमा दिएको बक पत्रमा उल्लेख छ । चौधरीले १८ प्रतिशत ब्याज दिने प्रलोभन देखाएपछि रू.५ लाख सिंहदेवी ज्वेलर्सका सञ्चालक दिपक गजमेरलाई बुझाएको बकपत्रमा उल्लेख छ ।

त्यस्तै तरहराकी कमला पौडेलले पनि १८ प्रतिशत ब्याज पाइन्छ भन्ने लोभमै २ लाख ५० हजार रूपैयाँ ज्वेलर्सका सञ्चालक दिपकलाई बुझाएको त्यो बेला लालबहादुरसँग कुनै कारोवार नै नगरेको र उनी सोहि पसलका सामान्य कामदार मात्रै रहेको भनि बकपत्रमा उल्लेख गरेकी छिन् ।

त्यस्तै कमला पौडेलले पनि रू. ५ लाख रूपैयाँ पसलका सञ्चालक गजमेरलाई नै बुझाएको, लालबहादु कामदार मात्रै रहेको भनि बकपत्रमा उल्लेख गरेका छन् । घटनासँग जोडिएका मुख्य आरोपित दिपक गजमेर स्वंयले पनि लालबहादुर निर्दोष रहेको भनि अदालतमा बयान दिइसकेका छन् । यद्यपी घटनाका मुख्य आरोपित दिपक गजमेर, सिता गजमेर, लालबहादुर वि.क सहित ५ जनालाई ७५ साउनमै प्रहरीले पक्राउ गरेको थियो । एक महिनापछि रू.२ लाख धरौटी बुझाएर लालबहादुर भने सादा तारेखमा छाडिएका थिए ।


उनको मुद्दा विचाराधिन अवस्थामा रहेको थियो । गत ७८ पुस १९ गते जिल्ला अदालत सुनसरीकी न्यायधिश निर्मला योङ्याको एकल इजालशले तीनै लालबहादुरलाई पुनःदोषी ठहर गर्दै ३ करोड १४ लाख ३३ हजार रुपैयाँ बिगो तोक्दै ठगी मुद्दामा ७० हजार जरिवाना र डेढ वर्ष कैदको सजाय सुनाएकी थिइन् । जसको कारण अहिले लालबहादुर झुम्का कारागारमा कैदी जीवन बिताइरहेका छन् ।

### यस्तो थियो घटना

२०७५ साल असार २० मा बचतकर्ता सुकमित गुरुङसहित नौ जनाले सिंहदेवी ज्वेलर्सविरूद्ध ५२ लाख ६६ हजार रुपैयाँ ठगी गरेको भन्दै उजुरी हालेपछि शुरू भएको सिआइबीको अनुसन्धानबाट अपराध पुष्टि भइ असार २१ गते जिल्ला अदालत सुनसरीमा अर्को मुद्दा दर्ता हुन पुगेको थियो । अदालतमा २ सय ७५ जनाबाट १० हजारदेखि १० लाखसम्म रकम लिएर ठगी गरेको मुद्दा परेपछि निर्दोष व्यक्ति लालबहादुरको पनि नाम सोहि काण्डमा मुछियो ।

# चिनी उद्योगको धुलोले स्थानीयलाई समस्या

**मध्यविन्दु/मस–** नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुनवलमा रहेको लुम्बिनी चिनी उद्योगले प्रदूषण नियन्त्रण गर्ने उपकरण प्रयोग नगर्दा स्थानीयवासीलाई समस्या भएको छ । मुख्य बजार क्षेत्रमा रहेको उक्त उद्योगले उखु क्रसिङ सुरु गरेपछि उडेको खरानीसहितको धुलोका कारण सुनवल बजार क्षेत्रका बासिन्दा प्रभावित भएका हुन् । खेतबारीमा रोपेको बालीनालीमा पनि धुलोले असर गरेको छ । खरानीसहितको धुलोका कारण स्वास्थ्यमा पनि असर गर्न थालेको र वातावरणमा नकारात्मक प्रभाव परेकाले उद्योगलाई प्रदूषण नियन्त्रण गर्न ध्यान आकर्षण गराइएको सुनवल नगरपालिकाका नगरप्रमुख विमला अर्यालले बताए ।




उनले भने, 'उद्योगको ध्यानाकर्षण गराए पनि कार्यान्वयन नभएकाले यस विषयमा उद्योग व्यवस्थापन पक्षसँग छलफल गर्ने तयारी गरेका छौं । सुनवलवासीलाई उद्योगले समस्यामा पारेकाले प्रदूषण नहुने गरी सञ्चालन गर्नुपर्ने हाम्रो माग छ ।' उद्योगको धुलोका कारण हिँडडुल गर्न र कपडा धोएर सुकाउन नपाएको स्थानीयको गुनासो छ । उद्योगका प्रशासन प्रमुख कुश सुवेदीले धुलो नियन्त्रणका लागि आवश्यक उपकरण खरिद प्रक्रिया अगाडि बढेको बताए । उनले भने, 'केही दिनमै समस्या समाधान हुन्छ ।' उद्योगले केही दिन अगाडिदेखि उखु पेल्न सुरु गरेको छ । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा रहेका तीन ठूला चिनी उद्योगमध्ये बाँकी दुईले भने धुलो नियन्त्रणका लागि उपकरण जडान गरेका छन् ।


## साउदीमा रोजगार |

कम्पनी: ZAD ALWESSAM FOR SERVE MEALS
शहर: Saudi Arabia,AlBaha

पुर्व स्वीकृत मितिः २०७९/०९/१९ | चलानी नं.: ६०१९४३६७ | LT. No.:278878

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 17 | 0 | स. काममा दक्ष | 1000 | ३५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २७ गते (11 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com


## चौकुने गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७९/०९/२०**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस चौकुने गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि पदपुर्ति समितिका मिति २०७९/०९/१८ गतेको पुनः सूचना प्रकाशन गर्ने निर्णयानुसार प्राविधिक सहायक पद करारमा पदपुर्ति लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ दिन भित्रमा माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | २२-०७९/०८० | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**(क)** सिविल इन्जिनियरिङमा प्रविणता तह वा डिप्लोमा उतिर्ण भएको

**(ख)** अनुभव र सिप : प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने तालिम लिइ आधारभुत कम्प्युटर सिप भएको,
- पुर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्धी सिप सहित कम्तीमा ६ महिना अनुभव भएको,
- उमेर : कम्तीमा १८ पुरा भई ४५ वर्ष ननाघेको,

**२. दरखास्त दिने स्थान** : चौकुने गाउँपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मिति** : २०७९/०९/२६ गते

**४. आवेदन दस्तुर** : रु ७००

**५. छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा

**६. आवेदनको साथ संलग्न कागजातहरु** : आवेदक स्वयंमले प्रमाणित कागजातको प्रतिलिपीहरु

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

७. स्थानिय तहमा प्राविधिक सहायक र रोजगार पदपुर्ति सम्बन्धी मापदण्ड २०७८, दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण, पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय र गाउँपालिकाको वेबसाईटबाट उपलब्ध हुनेछ ।)

**प्रमुख प्रशासकिय अधिकृत**

## Azad Secondary School
Panchkhal, Kavrepalanchok
Bagamati Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रकाशित मिति : २०७९/०९/२०**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्रकाशित गरिएको छ ।

| IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|
| AZAD/NCB/ GOODS/ 01/2079/080 | PROCUREMENT OF AGRICULTURAL LABORATORY EQUIPMENT | SCIENTIFIC MEDICAL TECHNOLOGY (P.) LTD., TRIPURESWOR-11 KATHMANDU | 12,21,750.35/- |

**PRINCIPAL**

Province Government
Ministry of Road Infrastructure& Urban Development
Transport Infrastructure Directorate
## Infrastructure Development Office
Udayapur, Province no.1, Nepal

### Invitation for Electronic Bids

**First Date of Publication: 2079/09/20 (4th January 2023)**

1. Province Government, Ministry of Road Infrastructure & Urban Development, Transport Infrastructure Directorate, Infrastructure Development Office, Udayapur, Province no.1, Nepal invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Estimated Amount with VAT& PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/ W/R/ 43/079-080 | Upgrading of Katari 3-Bahunitar-Runche Bhanjyang Road, Udaypurgadhi Ga.Pa.-1, Udayapur | 90 days | 2415390.79 | 60000.00 | 3000.00 |
| 2 | IDO/UDA/NCB/ W/R/ 44/079-080 | Upgrading of Bhagwati Chowk-Khadikhop-Patane gaiya-Tawashree-Ghatta jaruwa-Tapali Bhanjyang Road, Katari Na.Pa.-5, Udayapur | 90 days | 2081287.87 | 50000.00 | 3000.00 |
| 3 | IDO/UDA/NCB/ W/R/ 45/079-080 | Upgrading of Katari Na. Pa. Bhagwati Mandeer-Khadikhop-Patane-Tawa shree Ghatta-Tapli Bhanjyang Road, Katari Na.Pa.-3,Udayapur | 90 days | 1931997.39 | 45000.00 | 3000.00 |
| 4 | IDO/UDA/NCB/ W/R/ 46/079-080 | Upgrading of Udayapurgadhi- Keureni-Kurkuntar Road, Udaypurgadhi Ga.Pa.-5, Udayapur | 90 days | 2415299.36 | 60000.00 | 3000.00 |
| 5 | IDO/UDA/NCB/ W/R/ 47/079-080 | Upgrading of Belka na.pa.3 Ratapani-Sunarkhani Road, Belka Na.Pa.-3, Udayapur | 90 days | 2415669.22 | 60000.00 | 3000.00 |
| 6 | IDO/UDA/NCB/ W/R/ 48/079-080 | Upgrading of Bargachhi-Kadamgachhi-Beldovan-Letang-Chilaune Bhanjyang-Tallo Ranibash Road, Triyuga 10,16 & 15, Udayapur | 90 days | 3865392.22 | 90000.00 | 3000.00 |
| 7 | IDO/UDA/NCB/ W/R/ 49/079-080 | Upgrading of Rupatar-Kathare-Tamakharka-Iname Road, Tapli Rural Municipality | 90 days | 4826975.75 | 120000.00 | 3000.00 |
| 8 | IDO/UDA/NCB/ W/R/ 50/079-080 | Upgrading of Hathi-Sunde-Sorung Road, Katari Municipality, Udayapur | 90 days | 2414681.95 | 60000.00 | 3000.00 |
| 9 | IDO/UDA/NCB/ W/R/ 51/079-080 | Upgrading of Betni-Chilaune-Baseri Road, Katari Municipality, Udayapur | 90 days | 2415520.94 | 60000.00 | 3000.00 |
| 10 | IDO/UDA/NCB/ W/R/ 52/079-080 | Upgrading of Sikre- Basheri-Chaukibhanjyanga Road. Katari Municipality, Udayapur | 90 days | 2414971.41 | 60000.00 | 3000.00 |
| 11 | IDO/UDA/NCB/ W/R/ 53/079-080 | Upgrading of Kharmi-Jalpa Road, Khotang | 90 days | 4827315.90 | 120000.00 | 3000.00 |
| 12 | IDO/UDA/NCB/ W/R/ 54/079-080 | Upgrading of Holesung -janakraj- rai-marga Road, Khotang | 90 days | 2079589.26 | 50000.00 | 3000.00 |
| 13 | IDO/UDA/NCB/ W/R/ 55/079-080 | Upgrading of Milan Chowk to Sakela Pra. Bi. to Mewa khola Road, Diktel Rupakot Majhuwagadhi Municipality 6, Khotang. | 90 days | 2422190.86 | 60000.00 | 3000.00 |
| 14 | IDO/UDA/NCB/ W/R/ 56/079-080 | Upgrading of Naulo kharka Huppu Road,Sakela-4,5, Khotang. | 90 days | 2414393.43 | 60000.00 | 3000.00 |
| 15 | IDO/UDA/NCB/ W/R/ 57/079-080 | Upgrading of Bijole-Sankhu-Bamrang-Diktel Ratnapark Road, Khotang | 90 days | 2080323.17 | 50000.00 | 3000.00 |
| 16 | IDO/UDA/NCB/ W/R/ 58/079-080 | Upgrading of Krishi Gyankendra Karyalaya-Purano Pancha Ma.Bi. Bhawan, Di. Ru. Ma. Na. Ma. Khotang. | 90 days | 2426990.68 | 60000.00 | 3000.00 |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२० पुस २०७९, बुधबार
4 January 2023, Wednesday

## सम्पादकीय

# नरोकिएको बद्‌नामी

आईसीसीको निलम्बनमा परेर ठूलो चोट बेहोरेको नेपाल क्रिक्रेटमा एकपछि अर्को बद्‌नामी रोकिएको छैन । जारी नेपाल टी–२० लिगमा उत्पन्न समस्याले नेपालको क्रिकेटमा बद्‌नामी नरोकिएकै सन्देश गएको छ । भर्खरै मात्रै नेपाल क्रिकेट परिषद् (क्यान) का पदाधिकारी र क्रिकेटरहरूबीचको समस्याले राष्ट्रिय टीममै समस्या देखिएको थियो । त्यो समस्या हल हुन नपाउँदै कप्तान सन्दीप लामिछानेमाथि नाबालिका बलात्कारको आरोप लाग्यो । केन्द्रीय कारागारमा राखेर अहिले लामिछानेमाथि अनुसन्धान भइरहेको छ । यसले राष्ट्रिय टीममा त समस्या भएको छ नै, नेपाल क्रिकेट विश्वब्यापी रूपमै बद्‌नाम हुन पुगेको छ । फेरि म्याच फिक्सिङको दावी सहित नेपाल टी–२० लिग बद्‌नाम हुन पुगेको छ । लिगका कमेन्टेटर सचिन तिमल्सिनाले सामाजिक सञ्जालबाटै स्पट फिक्सिङको दावी गरेका छन् ।

उनले सामाजिक सञ्जालमा स्पट फिक्सिङ हुने गरेको दाबी सहित कमेन्टेटर छोडेपछि यो विवाद सतहमा आएको छ । टीमको कप्तान छनोटदेखि म्यानेजरको भूमिका समेत बदनियतपूर्ण देखिएको उनले टिप्पणी गरेका छन् । यसैलाई बल पुग्नेगरी राष्ट्रिय टीमका पूर्व कप्तान समेत रहेका ज्ञानेन्द्र मल्लले पनि फिक्सिङको प्रस्ताव आफ्ना खेलाडीसँग गरिएको सार्वजनिक टिप्पणी गरे । यसबाहेक लिगमा खलेआम सट्टेबाजी, म्याच फिक्सिङ र श्रम स्वीकृति बिना विदेशी खेलाडी ल्याइएको समेत माथि गृह मन्त्रालयले चासो देखाएको छ । गृहमन्त्री रवि लामिछानेको निर्देशनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान नै थालिसकेको छ ।

सीआईबीको प्रतिवेदन जस्तो आएपनि लिग बद्‌नाम भइसकेको छ । पहिलोपटक भइरहेको लिगको उद्देश्य भने नेपालको क्रिकेटको स्तर बढाउने हो । घरेलु प्रतियोगिताबाट खेलाडीको क्षमता बृद्धि गराउने, नयाँ खेलाडी जन्माउने र राष्ट्रिय टीमको अवस्था सुधार गर्ने लक्ष्य हो । तर खेलाडीले तलब नै नपाएको गुनासो, स्पट फिक्सिङको दावी गरिनुले लिग सञ्चालनको पहिलो गाँसमै ढुंगा जस्तो हुन पुगेको छ । यसले नेपालको क्रिकेट क्षेत्र सुधारमा सम्बन्धित पक्ष तयार नभएको आशंका गर्ने पर्याप्त सुविधा मिलेको छ । क्यान निलम्बन हुँदा पनि खेलाडीहरूले ओडीआईसम्मको सफलता हासिल भएको तथ्य बिर्सेर व्यवस्थापनमै लगातार त्रुटि देखिनु पक्कै पनि दुखद् कुरा हो । यसतर्फ गम्भीर रूपमा छानबीन र सुधारको दीर्घकालीन पहलकदमी लिनुको अर्को विकल्प छैन ।

# जनशक्ति विकास नीतिको अभाव

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

आज मुलुक जुन अवस्थामा छ त्यसको कारण जनशक्ति विकास नीतिको अभाव नै हो । क्षेत्रगत रुपमा गुणस्तरीय जनशक्तिको व्यवस्थापन हुन नसक्दा समस्या बनेको हो । गुणस्तरीय जनशक्तिको सन्तुलितरूपमा विकास अनिवार्य सर्त हो । तर, जनशक्ति विकाससम्बन्धी स्पष्ट राष्ट्रिय नीतिको अभावले गर्दा शहरी क्षेत्रमात्र होइन दूरदराजका पिछडिएका क्षेत्र तथा जिल्लास्तरहरूमा समेत जनशक्तिको विकास तथा सेवा प्रवाहको अवस्थामा खासै परिवर्तन आउन सकेको छैन । खासगरी उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरूको भौगोलिक वितरणको विद्यमान अवस्था हेर्दा जनशक्ति विकासको चाहना न्यायिक बनाउन सकिरहेको देखिन्न । कतिपय सेवा क्षेत्रका पहुँच र सेवा विस्तारका सन्दर्भमा क्षेत्रीय सन्तुलन कायम हुन नसकेको मात्र हैन धेरै नै असमानता बढ्दै गएको देखिन्छ । फलतः प्रादेशिक सन्तुलनका हिसाबले जनशक्तिको विकासका आधार शैक्षिक संस्थाहरूको संरचना फेरबदल गरिनुपर्ने देखिन्छ ।

नेपालको संविधानमा व्यवस्था भएअनुसार हरेक नागरिकले काम गर्न पाउने अधिकारलाई सुनिश्चत गर्नुपर्छ । मर्यादित काम गर्नको लागि आम क्षेत्रहरूको विस्तार गर्ने र मर्यादित काम गर्नको लागि मानिसहरूको शिक्षा, सीप र क्षमता विकास गर्न पाउने अवसर मिलाउनु पर्छ । न्यून उत्पादकत्व रहेको अनौपचारिक क्षेत्रबाट अधिक उत्पादकत्व भएको औपचारिक क्षेत्रतर्फ जनशक्तिलाई स्थानान्तरण गर्ने अवस्था मिलाउन पर्दछ । यी प्रतिबद्धता हाम्रा लागि शैक्षिक व्यवस्थापकीय चुनौती हुन् र समाधान नगरी सभ्य, शिष्ट र समुन्नत राष्ट्रका नागरिक हुन पनि सक्दैनौं ।

देशमा कुल जनसंख्याको करिब ६४ प्रतिशत नागरिक कृषि पेसामा आबद्ध छन् । तर, कृषिजन्य उत्पादनबाट नेपाली कृषि अर्थतन्त्र आत्मनिर्भर बन्न सकेको छैन । ६४ प्रतिशत नागरिक आबद्ध क्षेत्र किन आत्मनिर्भर बन्न सकेन ? प्रश्न महत्वपूर्ण छ । कृषिलगायतका प्राथमिक पेसामा कार्य गर्ने जनशक्तिलाई मर्यादित पेसा एवम् जनशक्तिको रूपमा हेर्ने दृष्टिकोणको सर्वत्र कमी छ । कृषिमा आधुनिकिकरण तथा प्रविधिको उचित प्रयोग हुन नसक्नु, मलखादको उपलब्धता, सिचाइँ व्यवस्थापन, जस्ता कारणले श्रमबजारअनुसार लागत मूल्य पनि बढ्न गई बजारीकरणमा समेत प्रभाव पर्न गएकाले कृषि क्षेत्रका कृषकमा वितृष्णा पैदा हुने गरेको छ । अन्तर्राष्ट्रिय वैदेशिक खुला सीमा, विदेशी आयात निर्यातमा सरकारी उदारीकरण नीतिको प्रभाव, नेपाली कृषि बजारले हस्तक्षेपकारी प्रभाव पार्न नसक्दा कृषि कर्म वा पेसा छाडी जग्गा बाँझो राख्ने संस्कारमा वृद्धि भएको छ ।

शिक्षा तथा तालिमबाट आर्जित सिपरहित वा प्राथमिक सिपमा आधारित ठूलो हिस्सा (६४.७९ प्रतिशत) कृषि, पशुपालन तथा अन्य क्षेत्रमा संलग्न जनशक्तिलाई अनौपचारिक कामबाट मर्यादित औपचारिक क्षेत्रमा स्थानान्तरण गरी उच्च दरले उत्पादकत्व बढाउन योजनाबद्ध रूपमा सकिएन भने राज्यको उच्च आर्थिक वृद्धिदर हासिल गर्ने उद्देश्य नारा र भाषणले पुरा हुन सक्दैन । राष्ट्रमा समुन्नति ल्याउनको लागि जनशक्तिको स्थानान्तरण पहिलो शर्त हो । राज्यको विभिन्न अंगमा कार्य गर्न सामाजिक तथा आर्थिक क्षेत्रमा आएको तथा देख्न, भोग्न पाइएको परिवर्तनसँगै समाजलाई अगाडि बढाउन आवश्यक छ । यसो गर्न विकासको नीति, योजना र कार्यक्रमहरूले बजार मागअनुसारको दक्ष जनशक्तिको आवश्यकतालाई निर्धारण गर्दछ । विशेष र फरक प्रकृतिको काम गर्न विशेष क्षमता र सिप भएको जनशक्तिको सयौं समूह, उपसमूह र ससाना क्षेत्रका दक्ष नागरिकहरूको आवश्यकता पर्दछ । अतः समयअनुसार त्यस्तो जनशक्तिको माग पनि फरक-फरक हुने हुनाले हरेक वर्ष त्यस्तो दक्ष कामदारको सूची तयार गरी अद्यावधिक बनाउन सकिएमा मात्र राज्यले त्यसको उचित प्रयोग गरी समय सापेक्ष जनशक्तिको आवश्यकतालाई शैक्षिक कार्यक्रमहरूमार्फत सम्बोधन र बजारमा प्रतिविम्वित गर्दछ ।

यही सूचीको आधारमा जनशक्तिको बजारमा आपूर्तिको व्यवस्था मिलाउनु पर्ने हुन्छ । विषय क्षेत्रमा आवश्यक सेवा, समूह, उपसमूहको वर्गीकरण गरी जनशक्ति उत्पादन योजना र जनता र जनशक्तिको अनुपात मिलाउनु पर्दछ ।



*जनशक्तिको माग तथा आपूर्तिका विविध विषय तथा मुद्दाहरूलाई सम्बोधन तथा व्यवस्थापन गर्न 'मानव संसाधन विकास आयोग वा निकायको' कानुनी व्यवस्था अनिवार्य भएको छ । यस्तो स्थायी संयन्त्रलाई काम, कर्तव्य र अधिकार तोकी अविलम्ब गठन गर्नु अति आवश्यक छ ।*

नेपालमा विषय क्षेत्रका चारै तहका सिप भएका दक्ष कामदारहरूको सूची बनाउने अभ्यास नभएकोले जनशक्तिको माग त्यसमा पनि विशेष सिप र क्षमता भएका जनशक्तिको मागको बारेमा थाहा पाउन गाह्रो अवस्था छ, जुन हटाउनु अति जरुरी भएको छ ।

आज मानव संसाधन तथा जनशक्ति विकासको आकंलन तथा प्रक्षेपण गर्ने सूचना र संयन्त्रको चरम अभाव देखिन्छ । तर, हरेक मुलुकमा मानव संसाधन विकास योजना तर्जुमा गर्नको लागि नियमितरूपमा प्रवाह हुने विश्वसनीय तथ्यांक तथा सूचनाको आवश्यकता पर्दछ । सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र, निजी क्षेत्र, शैक्षिक क्षेत्रलगायतका सबै क्षेत्रमा औद्योगिक वर्गीकरणअनुसारका आधारमा आवश्यक जनशक्ति प्रक्षेपण गर्दा साधनस्रोत र समयको क्षति हुँदैन । तर, हाम्रो सन्दर्भमा आवश्यक तथ्यांकको अर्पयाप्तता तथा दीर्घकालीन योजनाको कमी छ । संवेदनशीलताको अभावले गर्दा प्रक्षेपणले दिएको तथ्यांक यथार्थभन्दा बिचलन हुन सक्ने सम्भावना रहन्छ ।

अतः जनशक्तिसम्बन्धी तथ्यांक प्रवाह हुने र आवश्यक तथ्यांक तयार हुने गरी अनलाइन विधिबाट एक सूचना प्रणाली मानव संसाधन व्यवस्थापन सुचना प्रणाली तयार गर्ने र अध्यावधिक गर्ने जिम्मेवार स्थायी संयन्त्र सञ्चालनमा ल्याउनु पर्दछ । यस्तो सूचना प्रणालीबाट जनशक्ति सम्बन्धी आवश्यक सूचना तथा तथ्यांक प्राप्त गरी मुलुकका लागि मानव संसाधन विकास योजना तर्जुमा गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने काम सहज र व्यवस्थित गर्न सकिन्छ । जनशक्ति विकासको समग्र पक्षहरू जनशक्ति माग तथा आपूर्तिका विविध विषय तथा मुद्दाहरूलाई सम्बोधन तथा व्यवस्थापन गर्न 'मानव संसाधन विकास आयोग वा निकायको' कानुनी व्यवस्था अनिवार्य भएको छ । यस्तो स्थायी संयन्त्रलाई काम, कर्तव्य र अधिकार तोकी अविलम्ब गठन हुनु अति आवश्यक छ ।

नेपालको संविधान २०७२ को धारा ५२ (झ) १ तथा धारा ५२ ञ (७) मा सबैले काम गर्न पाउने अधिकार किटानी गरिएको छ । सामाजिक आर्थिक शक्तिको रूपमा रहेको जनशक्तिलाई दक्ष र व्यवसायिक बनाउने प्रतिवद्धता व्यक्त गरिएको छ । हरेक नागरिकलाई स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकारलाई सामाजिक सुरक्षा प्रत्याभूत गर्ने विषय नेपाली संविधानका मुख्य विशेषता हुन् । सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि प्रमुख चासोका मुद्दा हुन् । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने उद्‌घोष छ । यसर्थ, युवा शक्तिलाई सशक्तिकरण गर्ने दायित्व सरकारी निकाय तथा नेतृत्वको हुन्छ । युवा शक्तिलाई राज्यको सर्वाङ्गीण विकासमा योगदानमा उपयुक्त अवसर प्रदान गर्न संविधानको मर्म पालना राज्य तथा नेतृत्वको मुख्य कर्तव्य हुन्छ । तसर्थ राज्य संविधान तथा नेतृत्वभाव र उत्तरदायित्व विकासलाई एकसाथ जिम्मेवार र जवाफदेही नतुल्याएसम्म नेतृत्वमा परिवर्तन आउन नसकेको देखिन्छ ।

जनशक्तिको यथोचित विकास तथा व्यवस्थापन नै राष्ट्रको समग्र विकास, समृद्धि र सम्पन्नताको उन्मुखता हो । तर हाम्रो अवस्था जनशक्तिलाई कसरी तयार पार्ने ? भएका र उपलब्ध जनशक्तिलाई कहाँ प्रयोग गर्ने ? उनीहरूको शिक्षा योग्यता प्राप्तिकालको सिप र क्षमता अभिवृद्धि कसरी गर्ने ? बजारमा प्रवेश गर्ने, हुने जनशक्तिको अभिलेख कसरी राख्ने ? योजनावद्ध जनशक्ति उत्पादन किने गर्ने ? प्राविधिक तथा व्यावसायिक शिक्षाका जनशक्ति उत्पादन गर्न आर्थिक स्रोतको कसरी, कस्तो प्रबन्ध गर्ने ? भन्ने विषयमा राज्यको एक दीर्घकालीन सोच र नीति छैन । जुन अति आवश्यक हुन्छ । जनशक्ति विकास नीतिका आधारमा विविध योजना तथा कार्यक्रमहरू सञ्चालन हुनु पर्दछ । ज्ञान र सिपयुक्त जनशक्तिको वस्तु तथा सेवाको उत्पादनमा विविध क्षेत्रहरूको संलग्नता तथा तिनको उचित प्रयोगले मात्र राष्ट्र समुन्नतिको बाटोतर्फ अघि बढ्न सक्छ ।

गुणस्तरीय जनशक्ति उत्पादन गर्ने शिक्षण तथा प्रशिक्षण संस्थाहरूको भौगोलिक वितरणलाई पनि न्यायिक तथा सन्तुलित बनाउन आवश्यक छ । जुन प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन सकिएको छैन । शैक्षिक संस्था तथा प्रतिष्ठानहरू गुणस्तर प्रत्यायन मापदण्ड पूरा नभइ स्थापित र सञ्चालित हुनाले ती निकायहरूबाट प्रदान गर्ने शैक्षिक/तालिममा गुणस्तरमा समानता र आकर्षणभाव वृद्धि हुन सकिरहेको छैन । शिक्षण संस्थाहरू बढी सहर केन्द्रित छन् । तर कार्याभ्यासबाट ग्रामीण क्षेत्रहरूमा गुणस्तरीय शिक्षाका लागि पहुँचमा लैजान नसकेको अवस्था छ ।

